# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) विराटनगर, नेपाल, चैत्र २७ गते, २०७५ साल (अतिरिक्ताङ्क १२

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं १ को प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५

प्रस्तावना: प्रदेश नं १ भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुनसक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि बनाउन बाञ्छनीय भएकोले,

प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं १ को प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद.१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले प्रदेश नं १ को विपद् व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको समिति सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

(घ) "पीडित" भन्नाले विपद् प्रभावित व्यक्तिलाई सम्झनु पर्छ ।

(ङ) "विपद् व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश नं १ को प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(छ) "राहत" भन्नाले पीडितलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामग्री समेत सम्झनु पर्छ

(ज) "संयोजक" भन्नाले प्रदेश विपद् व्यवस्थापन समितिको संयोजक सम्झनु पर्छ ।

## परिच्छेद २

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. <u>कोषको स्थापना:</u> (१) प्रदेश भित्रको विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य प्रदेशस्तरबाटै सञ्चालन गर्न आवश्यक स्रोत परिचालन गर्नका लागि प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयमा कोषको रुपमा विपद् व्यवस्थापन कोष रहनेछ ।

(२) कोषको रकम आय व्यय तथा परिचालनका लागि प्रदेशभित्र रहेको वा प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय नजिकमा रहेको राष्ट्रियस्तरको वाणिज्य बैंकमा एक छुट्टै खाता खोलिने छ ।

(३) कोषको कूल आम्दानी अन्तर्गत, यस कार्यविधिको दफा ५ बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको बैंकले कोष रकममा उपलब्ध गराएको ब्याज आय र दफा ६ बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामग्रीको प्रचलित मूल्य समेतलाई जनाउने छ ।

तर वस्तुगत सहायता सामग्रीको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन ।

(४) यस कार्यविधिको दफा ६ बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामग्रीको छुट्टै मौज्दात किताब स्थापना गरी अभिलेख गरिनेछ ।

४. <u>कोषको उद्देश्य:</u> (१) प्रदेशस्तरमा हुनसक्ने सम्भाव्य विपद्को जोखिम न्यूनिकरण तथा विपद्को व्यवस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको उद्देश्य हुनेछ ।

(२) कोषले देहायका क्षेत्रमा काम गर्ने छ ।

(क) विपद्को घट्नाबाट प्रभावित व्यक्तिहरुलाई प्रदेशस्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने,

(ख) विपद् परेका बखत तत्कालै प्रदेशस्तरमा सामना गर्न सक्ने अवस्था सृजना गर्ने गरी क्षमताको विकास गर्ने,

(ग) विपद् जोखिम न्यूनिकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी कार्यलाई सहज गर्ने ।

५. <u>कोषको आम्दानी:</u> (१) कोषमा ऐनको दफा १२ को उपदफा (२) र (३) को अधिनमा रही देहाय बमोजिमको रकम आम्दानीको रुपमा जम्मा हुनेछ ।

(क) प्रदेश सरकारको वार्षिक बजेट मार्फत विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले वार्षिक बजेट तथा कार्यक्रम बमोजिम विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी छुट्याएको स्वीकृत रकम,

(ग) विपद् व्यवस्थापन कार्यकोलागि कोषमा जम्मा हुने गरी प्रदेश सरकारवाट प्राप्त रकम,

(घ) विपद् व्यवस्थापन कार्यकोलागि कोषमा जम्मा हुनेगरी प्रदेश सरकारको आकस्मिक कोषबाट प्राप्त रकम,

(ङ) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी नेपाल सरकारबाट प्राप्त रकम,

(च) प्रदेश सभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिम प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी प्राप्त हुने शुल्क, दस्तुर तथा अन्य रकम,

(छ) प्रदेश सरकार मन्त्रिपरिषद सदस्य, प्रदेश सभा सदस्य तथा प्रदेश नं १ मा कार्यरत सरकारी

कर्मचारीहरुको स्वेच्छिक निर्णयबाट प्राप्त हुने रकम,

(ज) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र त्यसमा कार्यरत कर्मचारीहरु, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी समाज, धार्मिक तथा परोपकारी संस्था र आम सर्वसाधरणबाट स्वेच्छिक रुपमा प्राप्त हुने रकम,

(झ) कोषको खाता सञ्चालनमा रहेको बैंकले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको ब्याज रकम,

(ञ) प्रचलित कानूनको अधिनमा रही कोषमा जम्मा हुने गरी अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा ३ को उपदफा (२) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा मन्त्रालयको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्न सक्ने छ

(३) उपदफा (२) बमोजिम नगद जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनु पर्ने छ ।

(४) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने छ ।

तर कुनै व्यक्ति वा संस्थाले आफ्नो नाम सार्वजनिक नगर्ने गरी सहायता उपलब्ध गराएको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण मात्र राखु पर्ने छ ।

६. <u>बस्तुगत सहायता सामग्री:</u> (१) ऐनको दफा १२ को उपदफा (२) र (३) को अधिनमा रही कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको बस्तुगत सहायता सामग्री प्राप्त हुन आएमा प्राप्त हुन आएको उक्त सामग्री विपद् ब्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो बस्तुगत सहायता सामग्रीलाई स्वीकार गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको बस्तुगत सहायता सामग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रुपमा समेत अभिलेख गरिनेछ ।

<u>स्पष्टिकरण:</u> यस दफाको प्रयोजनको लागि प्रचलित मूल्य भन्नाले बस्तुगत सामग्रीको साथमा प्राप्त हुने खरिद विजक वा मूल्याङ्कनको प्रमाण वा ढुवानी लागत समेतको मूल्यलाई जनाउने छ । यदि त्यस्तो मूल्यविना नै बस्तुगत सामग्री प्राप्त हुन आएको रहेछ भने त्यस्तो बस्तुगत सामग्रीको प्रचलित दर रेट अनुसारको मूल्याङ्कनलाई आम्दानीको आधार मानिने छ । सो पनि नभएमा त्यसरी प्राप्त सामग्रीको लागि समितिले उचित ठहऱ्याएको मूल्याङ्कनलाई कोषको आम्दानीको आधारको रुपमा लिइनेछ ।

सहायता सामाग्री: (३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थाबाट प्राप्त हुन आएको कुनै बस्तुगत सहायता सामग्री स्थानीय विपद् व्यवस्थापनमा उपयोग

नहुने वा उपयोग गर्न उपयुक्त नहुने देखिएमा समितिले निर्णय गरी त्यस्तो सहयोग आंशिक वा पूर्णरुपमा अस्वीकार गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त बस्तुगत सहायता सामग्री (३) बमोजिम अस्वीकार गरिएको अबस्थामा बाहेक त्यस्तो सामग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामग्री प्राप्ति र स्वीकारोक्तिको भरपाई उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम स्वीकार गरी उपदफा (२) बमोजिम अभिलेख गरिएको र उपदफा (३) बमोजिम अस्वीकार गरिएको सामग्रीको विवरण तथा सो उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्नेछ ।

तर कुनै व्यक्ति वा संस्थाले आफ्नो नाम सार्वजनिक नगर्ने गरी बस्तुगत सहायता सामग्री उपलब्ध गराएको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण मात्र सार्वजनिक गरिने छ ।

७. <u>कोषको प्रयोग:</u> (१) कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यवस्थापनका लागि प्राप्त बस्तुगत सहायता सामग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल विपद् प्रतिकार्य गर्नुपर्ने अवस्था रहेको तर समितिको बैठक बस्न सक्ने अवस्था नरहेकोमा ततपश्चात लगत्तै बस्ने समितिको वैठकवाट अनुमोदन गराउने गरी संयोजकको निर्णयवाट आवश्यक रकम खर्च गर्न वाधा पुग्ने छैन ।

(३) कोषमा जम्मा भएको रकम तथा सामग्री देहाय बमोजिमको कार्यमा खर्च गर्न सकिने छ,

(क) विपद्बाट प्रभावित भएको वा हुँनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पत्तिको संरक्षण गर्न ,

(ख) विपद् प्रभावितको तत्कालिन् राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ताकपडा, औषधी, सरसफाई तथा शैक्षिक सामग्री जस्ता वस्तुहरु खरिद गरी उपलव्ध गराउन तथा तत्सम्वन्धी अन्य आवश्यक कार्य गर्न,

(ग) विपद्को कारण स्थायी वसोवासस्थल गुमाएका व्यक्तिहरुका लागि अस्थायी शिविर वा आश्रयस्थल वनाउन तथा पुनर्स्थापना गर्न,

(घ) विपद्को कारणवाट घाइते वा विरामी भएका व्यक्तिको औषधोपचार गर्न,

(ङ) विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(च) विपद्को कारणवाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिएको सहायता उपलव्ध गराउन,

(छ) विपद्को कारण सम्पतिको क्षति व्यहोर्नु परेको व्यक्तिलाई तोकिए वमोजिमको राहत उपलब्ध गराउन,

(ज) खोज, उद्धार तथा उपचारका सामग्रीहरु खरिद तथा भण्डारण गर्न,

(झ) विपद्को कारणबाट भएको फोहोरमैला तथा प्रदूषणको विसर्जन गर्न,

(ञ) विपद् पूर्व सूचना प्रणाली स्थापना तथा सोको संचालन गर्न,

(ट) खोज, उद्धार र राहत कार्यको लागि तत्काल संचार तथा यातायात सुचारु गर्न ।

८. <u>राहत सहायता वितरण कार्यविधिः</u> (१) पीडितलाई राहत उपलव्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामग्रीमध्ये प्रदेश सरकारबाट स्वीकृत मापदण्ड बमोजिम आवश्यकता र औचित्यका आधारमा नगद रकम र वस्तुगत सामग्री दुवै वा दुईमध्ये कुनै एकमात्र पनि उपलव्ध गराउन सक्ने छ ।

(२) उपदफा (१) वमोजिम राहत उपलव्ध गराउनु पूर्व कोषवाट राहत उपलव्ध गराईदिने सम्वन्धमा पीडित वा निजको एकाघरको परिवारका सदस्यले विपद्को विवरण र सोबाट आफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण सहित कार्यालयमा निवेदन दर्ता गर्नुपर्ने छ ।

(३) उपदफा (२) वमोजिम निवेदन दर्ता गर्दा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्यांकन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन सम्बन्धित स्थानीय तह तथा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस समेत निवेदनसाथ संलग्न गरिएको हुनुपर्ने छ ।

(४) उपदफा (२) वमोजिम दर्ता भएको निवेदन र उपदफा (३) वमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन तथा सिफारिस समेतका आधारमा पीडितलाई कोषबाट राहत रकम तथा

सामग्री उपलब्ध गराउदा विपद्को सघनता र व्यापकता, कोषमा जम्मा भएको रकम तथा राहत सामग्रीको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी स्वीकृत मापदण्डका आधारमा समितिले उचित ठहऱ्याए बमोजिम हुनेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को कारणले गम्भीर हानी नोक्सानी वा घाइते भई सम्वन्धित पीडित वा निजको एकाघरको परिवारका सदस्यले राहतका लागि निवेदन दर्ता गर्न सक्ने अवस्था नरहेमा र तत्काल राहत उपलब्ध नगराउँदा पीडित पक्ष थप जोखिमा पर्न सक्ने वा थप जनधन र स्वास्थ्यमा हानी नोक्सानी पुग्नसक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो पीडितलाई समितिले निर्णय गरेर प्रदेश सरकार मन्त्रिपरिद्‌बाट स्वीकृत मापदण्ड बमोजिम राहत उपलब्ध गराउन सक्नेछ ।

(६) पीडितलाई यस दफा बमोजिम राहत उपलब्ध गराउँदा विपद् प्रभावित महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्ने छ ।

९. <u>कोष प्रयोग गर्न नपाइने:</u> (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलव, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) विपद्वाट प्रभावितलाई दिईने तोकिए बमोजिमको राहत वाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) विपद् जोखिम न्युनिकरण तथा विपद् व्यवस्थापनसंग प्रत्यक्ष सम्वन्ध नभएको अन्य कुनै पनि कार्य गर्न गराउन ।

(२) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामग्रीमध्ये कुनै पनि सामग्री पूर्ण वा आंशिकरुपमा मन्त्रालयको वा मन्त्रालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिनेछैन ।

१० <u>कोषको संचालन:</u> (१) कोषको बैंक खाता संचालन मन्त्रालयको सचिव वा निजले तोकेको कर्मचारी र लेखा प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषबाट एक पटकमा पाँच हजार रुपैया भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा बैंकमार्फत मात्र भुक्तानी गरिनेछ ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामग्रीको निकासा मन्त्रालयको सचिव वा निजले तोकेको विपद् व्यवस्थापन हेर्ने महाशाखाको प्रमुख कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम वस्तुगत सहायता सामग्री विपद् व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम निकासा भएको सामग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रुपमा समेत अभिलेख गरिनेछ ।

११. <u>कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकिरण:</u> (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिले तोकेबमोजिम कोषले आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्ने छ ।

(३) कोषको मासिकरुपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गतेभित्र मा सार्वजनिक गर्नुपर्ने छ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र मन्त्रालयले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी प्रदेश विपद् व्यवस्थापन समिति मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(५) प्रदेश सरकारले उपदफा (४) बमोजिमको प्रतिवेदन प्रदेश प्रमुख मार्फत प्रदेश सभासमक्ष पेश गर्नुपर्ने छ ।

१२. <u>लेखापरीक्षण</u> (१) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

(३) प्रदेश विपद् व्यवस्थापन समितिले चाहेमा जुनसुकै बखत कोषको हिसावकिताब जाँच्न वा जाँच गराउन सकिनेछ ।

## परिच्छेद–४
## विविध

१३. <u>परामर्श लिन सक्ने:</u> समितिले यस कार्यविधि बमोजिमको कार्यसम्पादन गर्न उपयुक्त व्यक्ति वा संस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

१४. <u>रकम फ्रिज नहुने तथा आवर्ती कोषको रुपमा रहने:</u> (१) कोषमा जम्मा भएको रकममध्ये आंशिक वा पूरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ ।

(२) विपद् व्यवस्थापन कोषलाई आवर्ती कोषको रुपमा संचालन गरिनेछ ।

स्पष्टिकरण: यस दफाको प्रयोजनका लागि आवर्ति कोष (रिवल्विंग फण्ड) भन्नाले कोषवाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनः पूर्ति गर्दै जाने गरी स्थापित कोषलाई सम्झनुपर्छ ।

१५. <u>अभिलेख राख्ने:</u> कोष परिचालनको सिलसिलामा समितिले गरेका कामकारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

१६. <u>अनुगमन:</u> (१) यस कार्यविधि बमोजिम कोष परिचालन तथा सोबाट कामको नियमित तथा आकस्मिक अनुगमन सम्वन्धी कार्यका लागि समितिको संयोजक वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली खटिई कोष परिचालनबाट भएको कामको अनुगमन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम खटिएको टोलीले आफूलाई प्राप्त कायदिशका आधारमा अनुगमनका क्रममा देखिएको सत्यतथ्य विवरण सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा कोष परिचालनमा कुनै कमी कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोष परिचालनमा कुनै गम्भीर त्रुटी रहेको र सो लाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

(५) अनुगमनका क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत प्राप्त गरेको वा कोषले उपलब्ध गराएको राहतको दुरुपयोग गरेको पाइएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१७ <u>निर्देशन दिन सक्ने:</u> (१) प्रदेश विपद् व्यवस्थापन समितिले समितिको काम कारबाहीको सम्बन्धमा प्रदेश सरकारका निकायलाई आवश्यक निर्देशन दिन सक्ने ।

(२) विपद् व्यवस्थापन समितिले कोषमा प्राप्त हुने नगद वा वस्तुगत सहयोगको श्रोत खुलाउन आवश्यक सम्झेमा सम्बन्धित व्यक्ति वा सस्थालाई निर्देशन दिन सक्नेछ ।

(३) प्रदेश विपद् व्यवस्थापन समितिले समितिको काम कारबाहीको सम्बन्धमा प्रदेश सरकारका निकायलाई आवश्यक निर्देशन दिन सक्ने ।

प्रमाणीकरण मितिः- २०७५/१२/२७

आज्ञाले,
कमल बहादुर थापा
प्रदेश सरकारको नि.सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
Website;- www.p1moial.gov.np